लहान नगरपालिका

लहान,सिरहा

मधेश प्रदेश,नेपाल

प्रमाणीकरण मितिः२०८१/०३/११

"विद्यालयमा सामुदायिक सहयोग व्यवस्थापन कार्यविधि-२०८१"

प्रस्तावना

सामुदायिक विद्यालयहरु समुदायबाट स्थापना भई नेपाल सरकार,प्रदेश सरकार,पालिका समुदायको प्रत्येक्ष सहभागिता तथा सहयोगमा सञ्चालन एवं व्यवस्थापन हुँदै आएका र विद्यालयलाई व्यक्ति एवं संघ संस्थाहरुबाट दान, दातव्य, चन्दा एवं विभिन्न किसिमको सहयोग एवम् सहायता हुने गरेको र शिक्षा ऐन २०२८ (संशोधन सहित) दफा १६घ को उपदफा (१क) मा कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सक्नेछ भन्ने व्यवस्था भएको र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ (संशोधन सहित) को दफा ३१(१) को विद्यमान व्यवस्था अनुसार नेपाल सरकार,प्रदेश सरकार तथा स्थानीय तहका अतिरिक्त अन्य कुनै व्यक्ति,संघ,संस्थाले पनि आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सार्वजानिक विद्यालय, सार्वजनिक शैक्षिक गुठी वा मुनाफा नलिने गरी स्थापना र सञ्चालन भएका विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउन सक्नेछ भन्ने व्यवस्था भएको र विद्यालयलाई समुदायबाट प्राप्त हुने सहायता र सहयोग रकमको उचित व्यवस्थापन गर्ने गराउने जिम्मेवारी स्थानीय तहबाट हुने प्रावधान भएको र सामुदायिक विद्यालयलाई उपलब्ध हुने दान,दातव्य, चन्दा, सहयोग वा अनुदान रकमको उचित व्यवस्थापन गर्ने गरी कार्यविधि बनाउनु पर्ने, अभिभावकबाट उपलब्ध सहयोग/सहायता रकमको अधिकतम उपयोग गरी विद्यालयको शैक्षिक,भौतिक एवं शैक्षणिक गुणस्तरमा सुधार गर्ने मुख्य उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(ज)तथा लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित)मा उल्लेख भएको व्यवस्था कार्यान्वयनका लागि लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित)को दफा ५४(१) को अधिकार प्रयोग गरि यो कार्यविधि बनाई जारी गरिएको छ ।

परिच्छेदं-१ प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

क.यस कार्यविधिको नाम " विद्यालयमा सामुदायिक सहयोग व्यवस्थापन कार्यविधि- २०८१"रहेको छ ।

ख.यो कार्यविधि लहान नगरपालिकाको क्षेत्रभित्रको सामुदायिक तथा धार्मिक विद्यालयहरुमा लागु हुनेछ ।

ग.यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले लहान नगरपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ सम्झनु पर्छ।

ख. "कार्यपालिका" भन्नाले लहान नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

ग. "नगरपालिका वा पालिका " भन्नाले लहान नगरपालिका सम्झनु पर्छ।

Scanned with OKEN Scanner

घ. "प्रमुख" भन्नाले लहान नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले लहान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

च."न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा ११७ बमोजिमको न्यायिक समिति सम्झनुपर्छ ।

छ. "शाखा भन्नाले लहान नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ज."सामुदायिक सहयोग" भन्नाले कुनै शर्त तोकी वा नतोकी विद्यालय शिक्षा विकासको उद्देश्य,शैक्षिक गुणस्तर वृद्धि गर्ने उदेश्यले व्यक्ति वा संघ संस्थाबाट विद्यालयलाई दिएको दान, दातव्य, चन्दा, सहयोग, सहायता वा आर्थिक अनुदान सम्झनु पर्छ र सो शब्दले प्राज्ञिक/विशेषज्ञताको सेवा र शारीरिक श्रमलाई समेत जनाउँछ।

झ. "आर्थिक रुपले विपन्न "भन्नाले तोकिएको सीमा भन्दा कम आर्थिक आय भएको अवस्था सम्झनु पर्छ ।

ञ. "शैक्षिक सहुलियत" भान्नाले लक्षित समूहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच तथा सिकाई निरन्तरताका लागि विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति, शैक्षिक सामग्री, नगद रकम वा जिन्सी सामग्री सम्झनु पर्छ।

ट. "चौतर्फी विकास" भन्नाले बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासलाई सम्झनु पर्छ।

ठ. "अक्षय कोष" भन्नाले नास्न, मास्न वा खर्च गर्न वा अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने गरी दातावाट प्राप्त रकम रहेको कोषलाई सम्झनुपर्छ ।

ड. "सेवा" भन्नाले विद्यालयको शैक्षिक, भौतिक र गुणस्तर सुधारको लागि आवश्यक पर्ने कुनै पनि विज्ञ वा विज्ञहरुको समूहबाट उपलब्ध हुने विशेषज्ञताको सेवा भन्ने सम्झनु पर्छ।

ढ. "श्रम" भन्नाले व्यक्तिको भौतिक उपस्थितिमा विद्यालयको आवश्यकता अनुसार मर्मत सम्भार, फुलबारी,सरसफाइ,रंङरोगन वा निर्माण जस्ता कार्यमा सहभागिता जनाई गर्ने कार्य सम्झनु पर्छ।

ण. "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बजे र त्यस्तो अभिभावक नभएको विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीको संरक्षकत्व प्रदान गर्ने व्यक्तिवा संस्था समेतलाई सम्झनु पर्छ।

त. "नगरशिक्षा समिति "भन्नाले लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा ८ बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

थ. "कार्यविधि" भन्नाले विद्यालयमा सामुदायिक सहयोग व्यवस्थापन कार्यविधि-२०८१ सम्झनु पर्छ।

द. विद्यालय भन्नाले लहान नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालय बुझ्नु पर्दछ ।सो शब्दले धार्मिक विद्यालयलाई समेत जनाउँदछ ।

ध. "संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्था भन्ने सम्झनु पर्छ।

Scanned with OKEN Scanner

परिच्छेद-२

सहयोगका क्षेत्र

३. सामुदायिक सहयोगका क्षेत्रहरुः

विद्यालयलाई उपलब्ध हुने सामुदायिक सहयोगका क्षेत्रहरु देहाय अनुसार रहनेछन्

क. विद्यालयलाई सेवा र परोपकारी भावबाट व्यक्ति वा संस्थाहरुबाट उपलब्ध दान, दातव्य, चन्दा, सहयोग, सहायता रकम वा अन्य चल अचल सम्पत्ति,

ख. निश्चित कार्य गर्ने अभिप्रायले व्यक्ति वा संस्थाबाट विद्यालयमा उपलब्ध सहयोग वा सहायता रकम,

ग. व्यक्ति वा संस्थाबाट विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुर्याउने उदेश्यले विद्यालयलाई उपलब्ध सिकाई, खेल, स्वास्थ्य, अतिरिक्त क्रियाकलाप लगायत अन्य क्षेत्रका लागि उपयोगी जिन्सी सामग्रीहरु,

घ. सरकार, व्यक्ति वा संस्थाबाट विद्यालयमा अक्षय कोषको रुपमा प्राप्त हुने छात्रवृत्ति कोष, विद्यार्थी/शिक्षक प्रोत्साहन कोष, स्मृति कोष जस्ता निश्चित उद्देश्यका लागि प्राप्त हुने रकम,

ङ. व्यक्ति वा संस्थाले विद्यालयको आवश्यकताको आधारमा उपलब्ध गराएको सेवा वा श्रम।

च.नगरपालिकाबाट प्राप्त हुने रकम वा जिन्सी सामग्री ।

४. विद्यार्थी विवरण तयार गर्नु पर्नेः

(१) विद्यालयले आफ्नो विद्यालमा रहेका देहाय बमोजिमका विद्यार्थीहरुको विवरण इमिसमा अध्यावधिक गरी राख्नु पर्नेछ।

क. विद्यालयमा अध्ययनरत कक्षागत विद्यार्थी संख्या ।

ख. आधारभूत तथा माध्यमिक तहमा भर्ना भएका, तह पूरा गरेका र तह पूरा नगरी विद्यालय छाड्ने विद्यार्थी संख्या।

ग. अपाङ्गताको प्रकृति अनुसार आपाङ्ता भएका बालबालिकाको संख्या ।

घ. आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत दलित समुदायका बालबालिका ।

ङ. विपन्न परिवारका छात्र छात्रा र गरिबीको प्रमाणपत्र प्राप्त परिवारका बालबालिका ।

च. शहिद, बेपत्ता पारिएका, द्वन्द्व पिडीत, घाइते तथा अपाङ्गता भएका, शहिदका छोराछोरी र बैदेशिक रोजगारको क्रममा बाबु वा आमा गुमाएका बालबालिका ।

छ. विद्यालय शिक्षाको अवसर नपाएका वा बीचैमा पढाइ छाड्ने विद्यालय उमेर समूहका बालबालिका ।

(२) विद्यालयले यस दफाको उपदफा (१) को खण्ड (ग) देखि (छ) सम्मको अवस्थामा रहेका बालबालिकालाई लक्षित गरी विद्यालय शिक्षामा पहुँच र सिकाई निरन्तरताका लागि छात्रवृत्ति, विद्यार्थी सहुलियत, विद्यालय पोशाक, शैक्षिक सामग्री लगायतको सुविधा उपलब्ध गराउन सक्ने छ ।

Scanned with OKEN Scanner

(३) विद्यालयले दफा ४ (१) अनुसारको विद्यार्थी विवरण र विद्यार्थीलाई उपलब्ध गराएको सेवा तथा सुविधा र आधारभूत तथा माध्यमिक तहमा शिक्षामा भएको खर्च र त्यसको स्रोत समेतको अभिलेख अद्यावधिक गरी विद्यालयले शैक्षिक सत्र समाप्त भएको एक महिना भित्र नगर शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(४) यस दफाको उपदफा ३ बमोजिम विद्यालयले पेश गरेको शिक्षामा भएको लगानी, स्रोत, विद्यार्थी संख्या र उपलब्धीको विवरण नगरशिक्षा समितिमा पेश गर्नु पर्नेछ।

५. शुल्क, चन्दा वा रकम लिन नहुने :

(१) विद्यालयले प्रचलित कानूनले विद्यार्थीको नाममा लिन नहुने भनि निषेध गरेका शुल्क, चन्दा वा रकम लिन पाइनेछैन।

६.कसुर तथा जरिवानाः

(१) विद्यालयले यस कार्यविधि विपरितको कार्य गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कार्य भए गरेको १५ दिन भित्र न्यायिक समितिमा निवेदन दिन सक्नेछन् ।

(२) दफा ६ उपनियम १ बमोजिम निवेदन परेमा कार्यविधि प्रतिकूल हुने गरी विद्यालयले कुनै रकम वा शुल्क लिएको रहेछ भने न्यायिक समितिले स्थलगत अध्ययन समेत गरि लिएको शुल्क वा रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाउनेछ र यस्तो कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही समेत गर्न सक्नेछ ।

परिच्छेद-३

विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहन कोषको व्यवस्था

७. अक्षय कोषको सञ्चालन तथा व्यवस्थापन :

(१) निश्चित उद्देश्यका लागि विद्यालयमा स्थापना भएको अक्षय कोषको व्यवस्थापन एवं नियमित रुपमा सञ्चालन गर्ने दायित्व विद्यालयको हुनेछ ।

८. अक्षय कोषको रकम मास्न नहुने :

(१) दाताले अक्षय कोषको रुपमा विद्यालयमा राखेको रकम विद्यालयले कुनै पनि अवस्थामा नास्न, मास्न वा अन्य प्रयोजनमा लगाउन पाइनेछैन ।

९. कार्यविधि बनाई लागु गर्नु पर्ने :

(१) विद्यालयमा प्राप्त अक्षय कोषहरुको व्यवस्थापन सञ्चालन एकिकृत प्रणालीबाट गर्न विद्यालयले विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहन कोषको कार्यविधि बनाई लागु गर्नु पर्नेछ र यस्तो विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाउँदा निश्चित संख्यामा दाताहरुको प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

Scanned with OKEN Scanner

१०. व्याजबाट प्राप्त रकम छात्रवृत्ति वितरण वा विद्यार्थी प्रोत्साहनमा खर्च सम्बन्धी :

(१) विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहन कोषको रकमबाट बार्षिक रुपमा प्राप्त हुने व्याज रकम विद्यालयले छात्रवृत्ति वितरण वा विद्यार्थी प्रोत्साहनका कार्य गर्न सक्नेछ ।

११. व्याजबाट प्राप्त रकम खर्च गर्ने मापदण्डः

(१) विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहनका लागि स्थापना भएको अक्षय कोषको व्याजबाट प्राप्त बार्षिक आम्दानीको ५० प्रतिशत रकम विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहनका लागि र ३० प्रतिशत रकम सोही अक्षय कोषमा जम्मा गर्ने र बाँकी २० प्रतिशत रकम विद्यालयको शैक्षिक गुणस्तरमा खर्च गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

१२. रकम थप गर्न वा अनुदान दिन सकिनेः

(१) विद्यालयले स्थापना गरेको विद्यार्थी छात्रवृत्ति तथा प्रोत्साहन कोषमा विद्यालय स्वयंले, अक्षय कोष दाताले वा सरकारी स्तरबाट समेत रकम थप गर्न वा अनुदान दिन सकिनेछ तर त्यस्तो रकम झिक्न फिर्ता माग्न वा अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन। उक्त रकम अक्षय कोषको रुपमा विद्यालयको नाममा रहनेछ ।

परिच्छेद-४

सामुदायिक सहयोग खर्चको क्षेत्र तथा खर्च गर्ने कार्यविधि

१३. बार्षिक बजेट तथा कार्यक्रम बनाइ स्वीकृत गर्नुपर्नेः

(१) विद्यालयले अनिवार्य रुपमा बार्षिक बजेट तथा कार्यक्रम बनाई स्वीकृत गराउनु पर्नेछ ।
(२) विद्यालयले सरकारी अनुदान एवं सो अनुदानबाट अपुग अन्य खर्चको अनुमानित बार्षिक बजेट तथा कार्यक्रम तयार गरी विद्यालय व्यवस्थापन समितिबाट आषाढ मसान्त भित्र स्वीकृत गराउनु पर्नेछ ।
(३) विद्यालयले बजेट तथा कार्यक्रम बनाउदा देहायको शीर्षकमा अनुमानित लागत निकाल्नु पर्नेछः
(क) शिक्षक तथा कर्मचारीको बार्षिक तलव भत्तामा हुने खर्च
(ख) विद्यालय सञ्चालन र व्यवस्थापनमा हुने खर्च
(ग) शैक्षिक सामग्रीमा हुने खर्च ।
(घ) भैपरी तथा आकस्मिक कामको लागि हुने खर्च ।
(४) उपदफा (३) अनुसार विद्यालयले निर्माण गरेको कुल बार्षिक बजेटबाट सरकारी स्तरबाट विद्यालयलाई उपलब्ध हुने अनुदान घटाइ बाँकी नपुग खर्चको लागि सामुदायिक सहयोगको रकम प्रयोग गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।
(५) बजेट निर्माण गर्दा बार्षिक रुपमा विद्यालय सञ्चालन र व्यवस्थापनलाई आवश्यक पर्ने बजेटलाई मध्यनजरमा राखेर गर्नु पर्नेछ।
(६) बजेट निर्माण गर्दा एकै शीर्षकमा दोहोरो खर्च पर्ने गरी बजेट व्यवस्थापन गर्न पाइने छैन ।
(७) कुनै शीर्षकमा सरकारी स्रोत अपर्याप्त भएमा सो शीर्षककालागी बजेट व्यवस्थापन गर्न सकिनेछ ।
(८)विद्यालयले आगामी आर्थिक बर्षको लागि बजेट तथा कार्यक्रमको प्रस्तावना तयार गरी जेठ मसान्त भित्रमा विद्यालय व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

Scanned with OKEN Scanner

(९) विद्यालय व्यवस्थापन समितिले उपदफा (८) बमोजिम विद्यालयबाट पेश भएको वार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार पारिएको नपारिएको सम्वन्धमा छलफल गरि संशोधन गर्नुपर्ने भए संशोधन समेत गरि स्वीकृत गर्नेछ । स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम नगर शिक्षा शाखा मार्फत नगर शिक्षा समितिमा समेत पेश गर्नु पर्ने छ।

(१०) नगर शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिको सुझाव कार्यन्वयन गर्नु सम्बन्धित विद्यालको दायित्व हुनेछ ।

१४. सामुदायिक सहयोग खर्च शीर्षक सम्वन्धी व्यवस्था:

(१) विद्यालयमा बढ्दो विद्यार्थी संख्याको कारण स्वीकृत शिक्षक/कर्मचारी न्यून भएको अवस्थामा थप शिक्षक व्यवस्थापन गर्न र पठनपाठनमा निरन्तरता दिनको लागि आवश्यक साधन तथा सिकाई सामग्रीहरु व्यवस्थापनका लागि देहायका शीर्षकमा वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी सामुदायिक सहयोगको रकमखर्च गर्न सक्नेछ ।

क. स्वीकृत दरबन्दी वाहेक विद्यालयको आन्तरिक स्रोतबाट वा शिक्षण सिकाई सहजिकरणका लागि व्यवस्थापन गरिएका शिक्षक तथा कर्मचारीहरुको लागि तलव भत्ता ।
ख. विद्यार्थी केन्द्रित विभिन्न कार्यक्रम, नेपाल स्काउट, जुनियर युवा रेडक्रस, बालक्लव, सदनगत कार्यक्रम, प्राथमिक उपचार/स्वास्थ परीक्षण एवं विभिन्न समूह उपसमूह निर्माण र परिचालन ।
ग. सामान्य फर्निचर मर्मत, रङरोगन र मर्मत सम्भार।
घ. शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला व्यवस्थापन ।
ङ. असहाय, गरीव तथा विपन्न परिवारका बालबालिकालाई छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहन सहूलियत ।
च. विद्युत, पानी, सूचना तथा सञ्चार र सरसफाई।
छ. यातायात तथा सवारी साधन व्यवस्थापन ।
ज. अध्ययन, अवलोकन, क्षेत्र भ्रमण, परियोजना कार्य एवं मूल्याङ्कन व्यवस्थापन ।

(२) कुनै शीर्षकमा सरकारी स्रोत अपर्याप्त भएमा विद्यालय व्यवस्थापन समितिले आवश्यक वजेट व्यस्थापन गर्न सक्नेछ ।

(३) व्यक्ति वा संस्थाबाट प्राप्त हुने सामुदायिक सहयोगको समुचित व्यवस्थापनको दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(४) सामुदायिक स्रोतबाट सुविधा पाउने गरी विद्यालयले व्यवस्थापन गरेका शिक्षक तथा कर्मचारीको सेवा सुविधा विद्यालय व्यवस्थापन समितिले बनाएको कार्यविधि/विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

परिच्छेद-५

विद्यालय लेखा व्यवस्थापन परिक्षण र सार्वजनिक सुनवाइ

१५. अभिलेख राख्नुपर्ने :

(१) सामुदायिक सहयोग र सरकारी स्तरबाट विद्यालयलाई उपलब्ध भएको रकम र सो को खर्च अभिलेख विद्यालयमा अद्यावधिक गरी विद्यालय लेखा प्रणाली (SAS) वा तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

Scanned with OKEN Scanner

१६. दायित्व हुने :

(१) सामुदायिक सहयोग रकमको लेखा राख्ने, सामाजिक परीक्षण गर्ने र नियमित लेखा परीक्षण गराउने दायित्व सम्बन्धित प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको हुनेछ ।

१७. सामाजिक परिक्षण र आर्थिक लेखा परीक्षण गराउनुपर्ने :

(१) विद्यालयले नियमानुसार सामाजिक परिक्षण र आर्थिक लेखा परीक्षण गराई सो को प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(२) विद्यालयले पारदर्शिता, उत्तरदायित्व, जिम्मेवारी एवं विद्यालय सुशासनको सुनिश्चितताको लगि बर्ष भरी गरेका कार्यहरु सार्वजनिक गर्नु पर्नेछ।

(३) विद्यालयको सामाजिक परीक्षण तथा सम्पादित कार्यहरुको सार्वजनिक गर्ने जिम्मेवारी सामाजिक परीक्षण समितिको हुनेछ र विद्यालयले वार्षिक रुपमा सार्वजनिक सुनवाइको व्यवस्था समेत गर्नु पर्नेछ ।

परिच्छेद-६

विविध

१८. स्वेच्छिक सहयोग स्वीकार गर्न वाधा नपर्ने:

(१) यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति वा संस्थाबाट विद्यालयले स्वेच्छिक रुपमा दान, दातव्य, चन्दा वा आर्थिक तथा भौतिक सहयोग स्वीकार गर्न बाधा परेको मानिने छैन ।

१९. विवरण अद्यावधिक गर्नुपर्ने :

(१) विद्यालयले अध्ययनरत सबै बालबालिकाहरुको विवरण ईमिसमा अद्यावधिक गर्नुपर्नेछ ।
(२) विद्यालयले विपन्न, दलित, अपाङ्क्ता भएका र गरीवीको प्रमाणपत्र प्राप्त परिवारका बालबालिकाहरुको विवरण इमिसमा अद्यावधिक गर्नु पर्नेछ ।
(३) विद्यालयले उपदफा (२) को आधारमा लक्षित समूहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच तथा सिकाई निरन्तरताका लागि छात्रवृत्ति, शैक्षिक सामग्री, नगद रकम वा जिन्सी सामग्री जस्ता शैक्षिक सहुलियत तथा प्रोत्साहनका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न सकिने छ ।

२०.बजेट व्यवस्थापन:

(१) नगर भित्रका कुनै सामुदायिक तथा धार्मिक विद्यालयले शैक्षिक तथा शैक्षणिक गतिविधि प्रभावकारी ढङ्गले सञ्चालन गरेको छ वा सञ्चालन गर्नका लागि नगरपालिकामा प्रस्तावना पेश भएमा नगरपालिकाले उक्त विद्यालयलाई बजेट विनियोजन गर्न सक्ने छ।

Scanned with OKEN Scanner

२१.स्रोत साधनको व्यवस्थापनः

(१) नगर भित्रका कुनै सामुदायिक तथा धार्मिक विद्यालयले शैक्षिक तथा शैक्षणिक गतिविधि प्रभावकारी ढङ्गले सञ्चालन गरेको छ वा सञ्चालन गर्नका लागि नगरपालिकामा प्रस्तावना पेश भएमा नगरपालिकाले उक्त विद्यालयलाई आवश्यक पर्ने भौतिक, शैक्षिक,आर्थिक,मानवस्रोत तथा सामग्रीहरु उपलब्ध गराउन सक्ने छ।

२२.पठनपाठनका लागि अनुमतिः

(१) नगर भित्रका कुनै सामुदायिक तथा धार्मिक विद्यालयले शैक्षिक तथा शैक्षणिक गतिविधि प्रभावकारी ढङ्गले सञ्चालन गरेको छ वा सञ्चालन गर्नका लागि वा अङ्ग्रेजी वा नेपाली माध्यममा विद्यालय समय भन्दा अगाडि विहानको समयमा विद्यालयका लागि तोकिएको समय,पाठ्यभार र पाठ्यक्रममा प्रभाव नपर्ने गरि नगरशिक्षा समितिको निर्णयानुसार पठनपाठन गर्ने विद्यालयलाई शिक्षक आवश्यक परेको खण्डमा अन्य सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई उक्त कार्यरत विद्यालयको पठनपाठनमा असर नपर्ने गरि नगरशिक्षा समितिको निर्णयले शिक्षण सिकाई सहजिकरणका लागि पठाउन सकिन्छ ।

(२) उपदफा (१) को आधारमा पठाईएका शिक्षकलाई सहजिकरण बापत विद्यालयले वा नगरपालिकाले रकम उपलब्ध गराउन सक्ने छ।

२३. बाधा अड्काउ फुकाउनेः

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२४. बचाउः

(१) यो कार्यविधि स्वीकृत हुनुपूर्व प्राप्त सामुदायिक सहयोग सम्बन्धी भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) विद्यालयले पारदर्शिता, उत्तरदायित्व, जिम्मेवारी एवं विद्यालय सुशासनको सुनिश्चितताको लगि वर्ष भरी गरेका कार्यहरु सार्वजनिक गर्नु पर्नेछ।

(३) विद्यालयको सामाजिक परीक्षण तथा सम्पादित कार्यहरुको सार्वजनिक गर्ने जिम्मेवारी सामाजिक परीक्षण समितिको हुनेछ र विद्यालयले वार्षिक रुपमा सार्वजनिक सुनवाइको व्यवस्था समेत गर्नु पर्नेछ ।

Scanned with OKEN Scanner